**चन्द्रपुर नगरपालिकाको नगर उपप्रमुख श्री जयमाला कुमारी चौधरीले चन्द्रपुर नगरपालिकाको नगर सभाको १७ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट वक्तब्य**

**नगरसभाका आदरणीय सभाध्यक्षज्यू, र सदस्यज्यूहरु,**

चन्द्रपुर नगरपालिकाको सोच एवं जनआकांक्षा समेटिएको आगामी आर्थिक बर्ष २०८३।०८४ को नीतिलाई कार्यक्रम र बजेट मार्फत ब्यबहारिक रुपमा कार्यान्वनमा ल्याउनको लागि नेपालको संबिधानको धारा २३० को व्यवस्था बमोजिम १७ औं नगर अधिवेशन पेश गरिरहँदा खुशी र गौरवान्वित महसुस गरेको छु।

सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको संमृद्दिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण आदर्णीय शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।
यस बजेटले नगरपालिकाको सामाजिक, आर्थिक, सास्कृतिक, दिगो पुर्बधार सहित बिकासमा महत्व राख्ने विश्वास लिएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

नेपालको सविंधान, संघीय तथा मधेश प्रदेश सरकारबाट जारि ऐन नियमावली तथा स्थानीय सरकार संचालनको मार्ग दर्शन को रुपमा रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरको अर्थ विधेयक २०८३ विनियोजन विधेयक २०८३, संघिय सरकार, मधेश प्रदेश सरकारको आ.व. २०८३/८४ का नीति तथा कार्यक्रम, नगरका विषयगत समितिका सुझावहरू, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्युहरुले दिनभएका सुझावहरू, संचारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, बिभिन्न संघ सस्था एव सरोकारवालाको सुझाब र नगरबासी दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरुलाई समेत समेटी आ.व. २०८३/८४ को नीति तर्जुमा र सो को कार्यान्वन गर्न अनुमानित आय र व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु ।

गत विगतको आर्थिक बर्षको चन्द्रपुर नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट शुसासन, विकास र समृद्धिको आधारसिला बृद्धि भई नगरपालिकाबाट हुने सेवा प्रवाहमा सुधार, सडक लगायत भौतिक पूर्वाधारहरुको दिगो विकास, गरिबी निवारण, रोजगारीको अवसर तथा नगरवासीको जीवनस्तरमा सकारात्मक प्रतिफल देखिन थालेको छ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका कार्यहरुमा तिव्रता आएको छ ।तथापी आन्तरिक आय संकलन लक्ष्य अनुसार संकलन नहुनु र संघीय तथा प्रदेश सरकार बाट उपलब्ध गर्ने वित्तीय समानीकरण रकम १० प्रतिशत कटौती हुँदा नगरपालिकालाई थप आर्थिक भर थपिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म चन्द्रपुर नगरपालिकाको समग्र विकास सम्वन्धी वस्तुस्थितिको संक्षिप्त आंकलन यहाँहरु समक्ष राख्ने अनुमति चाहन्छु । चन्द्रपुर नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरवासीहरुको वढ्दो चाहना र अपेक्षा, उपलव्ध सिमित श्रोत साधन, कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतिहरु, कार्य सम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बृहत रुपमा विश्लेषण गर्दै नगरपालिकाको दुरगामी विकास गर्नु चन्द्रपुर नगरपालिकाको आजको आवश्यकता रहेको छ ।

नगरपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्दि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रवर्द्धन तथा विविधिकरण

गर्ने, उत्पादनमूलक क्षेत्रहरुको व्यवसायिकरण गर्ने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासनमा प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरुको प्रवाह गर्ने, पर्यटकीय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसवाट प्राप्त लाभ टोल, बस्ती हुँदै विपन्न वर्गसम्म पुर्याउने, नदि, ताल तथा  सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समय सुहाउँदो भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने, सामाजिक विकास एवं पूंजीलाई संस्थागत गर्दै चन्द्रपुर नगरपालिकाले लिएको, **"उन्नत शिक्षा, सुदृढ स्वास्थ्य र आधुनिक पूर्वाधारः समृद्ध र सुखी चन्द्रपुर नगरको आधार"** को गन्तव्यमा पुग्न दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रा मुख्य चुनौतिहरु रहेका छन् ।

**आदरणीय सभाध्यक्षज्यू,**

प्रस्तुत चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्दि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको अठोट, समन्वय एवं संतुलित एकता, पर्यटकीय आकर्षणका धरोहरका रुपमा रहेका नुन्थर पर्यटकीय स्थल, गोल्मे राजा बौद्ध बिहार, पौराई ब्रम्हस्थान, निजानन्द धाम, शहिद स्मृति पार्क , डावरी, कोटीहोम, मरधर सिमसार,  चन्द्रपुर झर्ना, तिलेश्वोर नाथ महादेव पर्यटकीय स्थल, कालापानी पिकनिक स्पोट, महादेव डांडा पर्यटकीय स्थल समेतका प्रचुर जैविक विविधता एवं पर्यटकीय उपस्थिति, शैक्षिक एवं स्वास्थ्य सम्वन्धी सूचकहरुको दृष्टिले रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहहरु भन्दा चन्द्रपुर नगरपालिका अग्रपंङ्तीमा रहेको छ। शिक्षा स्वास्थ्य सहितका मानव विकास एवं आर्थिक सूचकांकहरुमा चन्द्रपुर नगरपालिकाको वढ्दोस्तर, आकर्षणयुक्त बसाइसराई, फैलदो सडक सञ्जाल, सक्रिय एवं विकासप्रेमी नागरिक समाज र वस्ती, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको प्रचुर विकास र सहयात्रा यस नगरपालिकाका विकासका थप अवसर एवं पूंजीको रुपमा रहेका छन् ।

**आदरणीय सभाध्यक्षज्यू,**

नगरपालिकाको विकास सम्वन्धी अवस्थाको संक्षिप्त सिंहावलोकनपछि अव म चन्द्रपुर नगरपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय-व्यय एवं प्रमुख उपलव्धीहरुको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय सरकार, प्रदेश सरकारबाट वित्तीय समानीकरण, राजश्व बाँडफाँड तथा अन्य सबै श्रोत बाट रु. १ अर्ब ५१ करोड ४ लाख २३ हजार ८ सय ७२ रुपैयाँ प्रस्तावित आय रहेकोमा रु. १ अर्ब १ करोड १५ लाख ८० हजार ८९ रुपैयाँ मात्र वास्तविक आय रहेको थियो सो मध्ये गत आ. व. मा जम्मा रु. ९९  करोड २३ लाख ३६ हजार ४ सय ९२ रुपैयाँ खर्च भएको देखिन्छ । बाँकि रकम विभिन्न दायित्व तथा कोषहरु मार्फत चालु आर्थिक वर्षमा जिम्मेवारी सारिएको छ,

चाँदीखोला नजिकै निर्माण सम्पन्न भई सकेको बिधुतिय चर्जिंगस्टेसन संचालनमा ल्याइ ठेक्का समेत लागि सकेको अवस्था रहेको छ, नगर अस्पतालको भवन निर्माणको लागि बिशेस अनुदनबाट श्रोत सुनिस्चित भइ ठेक्का प्रक्रियाबाट योजना संचालन अवस्थामा रहेको छ भने प्रत्येक वडालाई स्मार्ट वडा बनाउने नीति लिई आगामी आ. व. मा सबै वडालाई स्मार्ट वडा बनाउन बजेट बिनियोजन गरेको छु |

**आदरणीय सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को वजेट कार्यन्वयनको जेष्ठ महिनासम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आ. व. २०८२/०८३ मा जम्मा रु. १ अर्ब ३० करोड १७ लाख ६ हजार ५ रुपैयाँ आय व्यय प्रस्ताव भएकोमा २०८३ जेष्ठ मसान्तसम्मा कुल आय रु. ८५ करोड ६३ लाख ५ हजार ३ सय ९१ रुपैयाँ भएको देखिन्छ, सो मध्ये चालु तर्फ ४४ करोड ९१ लाख १७ हजार ९३ रुपैयाँ र पुँजीगत तर्फ रु. १२ करोड ५४ लाख १६ हजार ७ सय ५९ रुपैयाँ मात्र गरी जम्मा रु. ५७ करोड ४५ लाख ३३ हजार ८ सय ५२ रुपैयाँ खर्च भएको छ जुन हालसम्म ४४ प्रतिशत प्रगति हासिल गरेको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रम, नगरपालिकाको दिर्घकालीन सोंच, नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

दिर्घकालीन सोंच :

चन्द्रपुर नगरपालिकाको, **"उन्नत शिक्षा, सुदृढ स्वास्थ्य र आधुनिक पूर्वाधारः समृद्ध र सुखी चन्द्रपुर नगरको आधार"** मूल ध्येयले परिकल्पना गरेको सोंच नै यस वजेट, नीति तथा कार्यक्रमहरुको दिर्घकालीन सोंच रहनेछ। यसको लागि सम्पूर्ण नगरवासीहरुलाई नगर विकास तथा समृद्धिको मूल मार्गमा समाहित गर्दै अगाडि बढ्नु चन्द्रपुर नगरपालिकाको आजको मूल आवश्यकता रहेको छ ।

उद्देश्य :

**"समृद्ध र सुखी नागरिक"** बनाउने राष्ट्रिय आकांक्षालाई स्थानीय स्तरबाटै साकार पार्नु यस वजेट, नीति तथा कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

प्राथमिकताका क्षेत्रहरु :

शिक्षा, स्वास्थ्य सम्वन्धी सूचकहरुमा सुधार, स्मार्ट वडाको अवधारणालाई अवलम्बन गर्ने, सहकारी तथा निजी क्षेत्रको भूमिकामा गुणात्मक सुधार, सूचना तथा प्रविधिको विकास, स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण, कृषि, पशु, वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास, खेलकुद क्षेत्रमा जोड, मानवीय सूचकहरुको विकास र लैङगीकतामा आधारित न्यायपूर्ण र समतामूलक विकास नै नगर विकास योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहने छन् ।

**आदर्णीय सभाध्यक्षज्यू,**

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नगरपालिकाका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास नीति :

उद्योग वाणीज्य निति

१. नगरपालिका भित्र बसोवास गर्ने वेरोजगार व्यक्तिहरुलाई आयमुलक तथा सीपमुलक उद्यमशीलता तालिम प्रदान गरी लघु घरेलु तथा साना उद्योग स्थापना तथा उत्पादित वस्तुको बजारीकरणको लागि सहयोग प्रदान गरिने छ।
२. लघु तथा घरेलु उद्योग स्थापनाका लागि उद्यमीहरुलाई सरल ढङ्गबाट सहुलियत दरमा ऋण उपलब्ध गराउन निजी स्तरका वित्तीय क्षेत्र र सहकारीहरुसँग समन्वय गरिने छ।

३. स्थानीय स्तरका विपन्न वर्गहरुको पहिचान गरी सहभागीहरुको मागमा आधारीत सिप विकास तालिम सञ्चालन गरिने छ ।

४. गरिवी निवारणका लागि लघु उद्यम विकास (मेड्पा कार्यक्रमलाई निरन्तरता दिई स्थानिय लक्षीत वर्गको मागको आधारमा स्थानीय उत्पादन र बजारिकरणमा सहयोग पुग्ने गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

## उद्योग वाणिज्य तथा वित्तिय क्षेत्रः

१. महामारी रोगको कारण विस्थापित भएका रोजगारी गुमाएका र नगरपालिकामा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई आयमुलक तथा सीपमुलक उद्यमशीलता तालिम प्रदान गरी लघु घरेलु तथा साना उद्योग स्थापना तथा उत्पादित वस्तुको बजारीकरणको लागि सहयोग प्रदान गरिने छ

२. लघु तथा घरेलु उद्योग स्थापनाका लागि उद्यमीहरुलाई सरल ढङ्गबाट सहुलियत दरमा ऋण उपलब्ध गराउन निजी स्तरका वित्तीय क्षेत्र र सहकारीहरुसँग समन्वय गरिने छ ।

३. निजी क्षेत्रसँगको समन्वयमा स्थानीय स्तरमा उत्पादित औद्योगीक वस्तुहरुको प्रवर्द्धनको लागि औद्योगीक मेला तथा प्रदर्शनी आयोजना गरिने छ ।

४. स्थानीय स्तरका विपन्न वर्गहरुको पहिचान गरी सहभागीहरुको मागमा आधारीत सिप विकास तालिम सञ्चालन गरिने छ ।

५.महामारी रोगको कारण विस्थापित भएका रोजगारी गुमाएका र नगरपालिकामा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई आयमुलक तथा सीपमुलक उद्यमशिलता तालिम प्रदान गरी घरेलु तथा साना उद्योग स्थापना तथा उत्पादित बस्तुको बजारीकरणको लागि सहयोग प्रदान गरिने छ। कुल पुँजी १० लाख सम्मका व्यवसायीहरुलाई नगरपालिकाबाट नै व्यवसाय दर्ता प्रक्रिया अगाढी बढाउने नीति लिएको छु|

८.गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा स्थानिय लक्षीत वर्गको मागको आधारमा स्थानिय उत्पादन र वजारिकरणमा सहयोग पुग्ने गरि कार्यक्रम कार्यान्वयन गरिने छ।

## सहकारी तथा उद्दम विकास तर्फ

### सहकारी सम्बन्धी नीतिः

१. सहकारी सुदृढीकरण तथा क्षमता विकास नीतिः

- सहकारी सदस्य तथा संचालक समितिलाई तालिम प्रदान गरिनेछ।
- लेखा, व्यवस्थापन र नेतृत्व विकासमा जोड दिईनेछ।
- संस्थागत क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्था एकीकरण तथा दोहोरो सदस्यता खारेज गरिनेछ।
- कमजोर सहकारीहरूलाई एकीकरण (Merger) गर्न प्रोत्साहन गरिनेछ।
- सहकारीबीच सहकार्य र नेटवर्किङ बढाईनेछ।
- साझा कार्यक्रम तथा परियोजना सञ्चालन गरिनेछ।
- सहकारीका दोहोरो सदस्य खारेज गरिनेछ।

- निष्क्रिय सहकारी संस्थाहरूलाई खारेज गरिनेछ।
- निष्क्रिय रहेका संस्थाहरूलाई खारेज प्रक्रियामा लगी नियमअनुसार खारेज गरिनेछ ।

कृषि तथा पशु विकास नीतिः

कृषि तर्फ

- हरेक वडामा कृषि सेवा उप-शाखा बिस्तार गरी कृषक माझ प्राविधिक सहयोग घर घरमा पुर्याइनेछ ।
- हरेक कृषि उप-शाखामा माटो जांच गर्ने यन्त्रको ब्यवस्था गरी नियमित माटो जाँच सञ्चालन गरी माटो जाँच कार्ड बितरण गरिनेछ ।
- हरेक वडामा कृषि उद्दमि उत्पादन गरी कृषि-बिबिधिकरण, कृषि-पर्यटन, कृषि उद्दमको बिकास गरीनेछ ।
- कृषकको मागको आधारमा कृषक तालिम, कृषक पाठशाला सञ्चालन गरी एकीकृत रोग किरा ब्यबस्थापन प्रति कृषकलाई उन्मुख गरीनेछ ।
- किसानहरु माझ सूचनाको प्रबाह, प्रबिधिक सहयोग, बजार ब्यबस्थापन सम्बन्धि सुबिधा प्रदान गर्नको लागि डिजिटल कृषि सूचना केन्द्रको स्थापना गरीनेछ ।
- माटो जांच कार्यक्रम संचालन गरी न्यानो टेक प्रबिधिकों प्रयोग गरी छिटो भन्दा छिटो माटो जांच सेवा र माटो जांच कार्ड बितरण गरिनेछ ।
- कृषि संग संम्बधित च्याउ तथा सागसब्जीको मिनी किट बितरण गरी नगरलाई आत्मनिर्भर बनाइनेछ ।
- बिभिन्न शिबीर संचालन गरी कृषकस्तरमा बाली संरक्षण सेवा दिईनेछ ।
- झोलमोल, जैबिक बिशादि, भौतिक बिधीहरुको प्रचार गरी कीटनाशक बिशादि प्रयोगमा कमी ल्याईनेछ ।
- **आधुनिक कृषि भण्डारणः** कृषकहरूको उत्पादनलाई उचित मूल्य र सुरक्षित भण्डारण सुनिश्चित गर्न सार्वजनिक-निजी साझेदारी (PPP) मोडलमा **खाद्यान्न भण्डारण गृह (Grain Storage)** सञ्चालन गरिनेछ।

पशु सेवा तर्फ

१. नगरका सबै वडाहरुमा पशु रोग नियन्त्रणको लागि भ्यागुते/चरचरे, खोरेत, लम्पी स्कीन रोग, पि पि आर, स्वाईन फिवर, रेविज भ्यासिन सन्चालनलाई निरन्तरता दिइनेछ ।

२. पशु सेवा केन्द्र संचालन हुन नसकेको वडाहरुमा समेत पशु सेवा केन्द्र संचालन गरी संन्चालीत पशु सेवा केन्द्रहरु बाट कृषकहरुलाई पशुपालन व्यवसायमा सहज र आयमुलक हुनको लागि थप उपचार रोग निदान र खोप सेवा लाई अझ बढी प्रभावकारी रुपले सन्चालन गरिनेछ ।

३. कृत्रिम गर्भाधान सेवा, केन्द्रहरुबाट उन्नत नश्लका गाई/भैसीहरुको लागि जर्सि, होलिष्टेन, हरीयाना, मुर्रा नश्लको नश्ल सुधार गरी दुध उत्पादन वृद्धि गर्नको लागि कृषकहरुलाई सहज तरीकाले कृत्रिम गर्भाधान सेवा पुर्याइने छ ।

४. विभिन्न पशुपालन व्यवसायीक कृषकहरुलाई पशुपालन व्यवसायलाई अझ प्रभावकारी पुर्याउनको लागि ज्ञान र सिप विकासको लागि आधुनिक पशुपालन सम्बन्धित तालिमहरु गराईनेछ।

५. माछा पालन र हाँस पालन व्यवसाय लाई थप वृद्धि गर्नको लागि कृषहरुलाई विभिन्न ज्ञान सिपको विकास गराईने छ।

## श्रम, रोजगार तथा उद्यमशीलता केन्द्रको नीति तथा कार्यक्रम

- नगरभित्र उपलब्ध श्रमशक्ति, सीप, स्रोत, साधन र सम्भाव्यताको अधिकतम उपयोग गर्दै उत्पादनशील, मर्यादित, हरित तथा दिगो रोजगारीका अवसर सिर्जना गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

### श्रम बजार व्यवस्थापन तथा प्रविधि सुदृढीकरण नीति

- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य सरकारी एवं गैरसरकारी रोजगारमूलक कार्यक्रमहरूसँग समन्वय गरी सार्वजनिक पूर्वाधार निर्माण र सामुदायिक विकासका कार्यमार्फत अस्थायी तथा दीर्घकालीन रोजगार अवसर सिर्जना गरिनेछ ।

### बजारमुखी सीप विकास तथा व्यावसायिक तालिम नीति

- श्रम बजारको तत्कालीन तथा दीर्घकालीन माग र स्थानीय आवश्यकताका आधारमा बजारमुखी, व्यावहारिक एवं रोजगारमूलक सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- प्रदान गरिने सम्पूर्ण सीप विकास तालिमहरूलाई अनिवार्य रूपमा रोजगार, स्वरोजगार वा उद्यमशीलतासँग आबद्ध गरिनेछ ।

### समावेशी तथा लक्षित समूह रोजगार नीति

- महिला, युवा, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न, सीमान्तकृत तथा पिछडिएका समुदायलाई लक्षित गरी विशेष समावेशी रोजगार, आर्थिक सशक्तीकरण तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

### उद्यमशीलता, स्टार्टअप र नवप्रवर्तन प्रवर्द्धन नीति

- नवप्रवर्तन (Innovation) सिर्जनशीलता र उद्यमशील सोचलाई प्रोत्साहन गर्दै स्टार्टअप तथा नवीन व्यवसाय विकासका लागि उद्यमशीलता विकास केन्द्रमार्फत व्यवसाय परामर्श, अभिमुखीकरण र व्यवसाय योजना (Business Plan) निर्माण सेवा उपलब्ध गराइनेछ ।

### वैदेशिक रोजगार व्यवस्थापन तथा पुनःएकीकरण नीति

- वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सूचना, परामर्श, कानुनी सचेतना र अभिमुखीकरण सेवालाई वडा तथा परिवार स्तरसम्म प्रभावकारी बनाइनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई पहिचान गरी उनीहरूलाई स्थानीय आर्थिक विकासमा उपयोग गर्न विशेष उद्यमशीलता तथा पुनःएकीकरण (Reintegration) कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीका क्षेत्रमा गएका व्यक्ति, तिनका परिवारका सदस्य, विद्यालय तथा समूदाय स्तरमा आवश्यकता अनुसार मनोसामाजिक परामर्शका कक्षाहरु सञ्चालन र सहजीकरण गरिनेछ ।

### लगानीमैत्री वातावरण र साझेदारी नीति

- उद्यम स्थापना, सञ्चालन तथा विस्तारका लागि आवश्यक सीप, प्रविधि, व्यावसायिक परामर्श, वित्तीय पहुँच (सुलभ कर्जा) र बजार व्यवस्थापनमा सहजता ल्याउन निजी क्षेत्र, सहकारी, वित्तीय संस्थाहरू र विकास साझेदारहरूसँग सार्वजनिक—निजी साझेदारी (PPP) को माध्यमबाट सहकार्य गरिनेछ ।

- उद्यमीहरूको व्यवसाय दर्ता, नवीकरण, कर तथा अन्य कानुनी प्रक्रियाहरूलाई सरल, सहज र सेवामैत्री बनाउँदै नगरभित्र निजी क्षेत्रमैत्री रोजगार तथा लगानीको वातावरण निर्माण गरिनेछ ।

**श्रम अधिकार तथा सामाजिक सुरक्षा नीति**

- नगरभित्र कार्यरत सम्पूर्ण श्रमिकहरूको आधारभूत श्रम अधिकार, व्यावसायिक सुरक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै मर्यादित श्रमको अवधारणालाई संस्थागत गरिनेछ ।

**सामी परियोजनाको नीति तथा कार्यक्रम**

- वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम तथा वैदेशिक रोजगारीमा गई सीप तथा अनुभव हासिल गरेका युवाहरुलाई रिटर्नी स्वयम् सेवकका रुपमा परिचालन गरिने छ ।
- वित्तीय साक्षरता, मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालन गर्न आबश्यक बजेट व्यवस्था गरिनेछ,

**पर्यटन तथा उद्योग वाणिज्य नीति :**

- नगरपालिकाले पहिचान गरेका १५ वटा प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा विकास, पर्यटन सूचना नक्सा तयार गरी कार्यान्वयनमा ल्याउने, पर्यटन क्षेत्रको विकास र विस्तारको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा लगायतको पर्यटन तथा उद्योग बाणिज्य सम्बन्धि नीति कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिनेछ ।
- नुनथर फिल्म सिटी निर्माण सम्बन्धी अध्ययन कार्य अगाडि बढाईनेछ।

**सरकारी सार्वजनिक जग्गा संरक्षण नीति**

- वडा नं.८ मा रहेको मरधर सिमसार क्षेत्र लगायत नगरपालिका भरिका अतिक्रमित सरकारी जग्गा पहिचान गरी संरक्षण गर्ने व्यवस्था मिलाईनेछ।

**भौतिक पूर्वाधार विकास नीति** :

- क्रमागत तथा बहुवर्षीय योजनाको निरन्तरताः चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकेका, भुक्तानी बाँकी रहेका तथा क्रमागत एवं बहुवर्षीय ठेक्का सम्झौता भएका योजनाहरूलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्न प्राथमिकताका साथ बजेट विनियोजन गरी आयोजना तथा कार्यक्रमहरूलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।
- समानुपातिक वडा विकास कार्यक्रमः हरेक वडाको सन्तुलित र समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाटै योजनाहरू छनोट तथा कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ।
- अन्तर-सरकार लगानी साझेदारी र समन्वयः सडक पूर्वाधार निर्माण र विकासका लागि नेपाल सरकार तथा मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयहरूसँग बजेट विनियोजन, संयुक्त लगानी, सहकार्य र समन्वय कायम गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विभिन्न निकायहरुबाट माग भएका आयोजनाहरु संघ र प्रदेश सरकार संग समन्वय गरी काम अगाडि बढाईनेछ।

- अव्यवस्थित जग्गा खण्डीकरण (प्लानिङ) मा बन्देजः नगरपालिकाको पूर्व-स्वीकृति र मापदण्डविना जग्गा खण्डीकरण (प्लानिङ) गरी बनाइएका घडेरी क्षेत्रहरूमा नगरपालिकाको तर्फबाट सडक, विद्युत वा अन्य भौतिक संरचना निर्माणका लागि कुनै पनि प्रकारको अस्थायी वा स्थायी स्वीकृति प्रदान गरिने छैन।
- भवन संहिता कार्यान्वयन र अनधिकृत निर्माण रोक्काः नगर क्षेत्रमा नगरपालिकाको पूर्व-स्वीकृतिविना घर, टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। स्वीकृतविना निर्माण गर्दा सहरी मापदण्ड विपरीत हुने र राष्ट्रिय भवन संहिता (Building Code) पालना नहुने हुँदा, विना स्वीकृति निर्माण कार्य सुरु गरेको पाइएमा सम्बन्धित वडा कार्यालयले तुरुन्तै त्यस्तो निर्माण कार्य रोक्का राख्न लिखित पत्राचार तथा कानुनी कारबाही गर्ने नीतिगत व्यवस्था अवलम्वन गरिनेछ।
- हालसाविक र नक्सा पास समस्या समाधानः जग्गाको स्वामित्व, भोगचलन र नापीको नक्सा नभिड्दा नगरवासीले भोग्नुपरेको नक्सा पास सम्बन्धी समस्या समाधानका लागि आगामी आर्थिक वर्षमा 'हालसाविक' कायम गर्न सम्बन्धित नापी तथा मालपोत कार्यालय लगायतका निकायहरूसँग आवश्यक समन्वय गरी कार्य अघि बढाउन बजेट विनियोजन गरिनेछ।

- समपूरक साझेदारी कोष स्थापनाः नगरपालिकाका ठूला तथा रणनीतिक महत्त्वका पूर्वाधार निर्माण गर्न एवं संघीय र मधेश प्रदेश सरकारबाट स्वीकृत भएका समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरूको सफलतापूर्वक कार्यान्वयन गर्नका लागि एक 'समपूरक साझेदारी कोष' (Matching Fund) स्थापना गरिनेछ ।

<u>सामाजिक विकास नीति</u> :

- चन्द्रपुर नगर क्षेत्रभित्रको शवहरुको दहन गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि आगामी आर्थिक बर्षमा शवदहन गर्ने गृह निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरिने छ।
- उपभोक्ता हित संरक्षण र बजार अनुगमन खाध्य गुणस्तर मापन ब्यबस्थापन गर्ने नीति लिइनेछ ।
- महिलाहरुको क्षमता विकास गरि आर्थिक अबसरमा पहुच पुर्याउन वडागत रुपमा ड्राईभिंग तालिम, नेतृत्व विकास तालिम लगायत सिप मुलक तालिम संचालन गरिनेछ ।
- एकल महिला आत्म निर्भर कार्यक्रम मार्फत सिपमुलक तालिम संचालन गरि रोजगारी सिर्जना गरिने छ,
- आगामी आर्थिक बर्षको सामाजिक विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु।

<u>स्वास्थ्य नीति तथा कार्यक्रम</u>

<u>स्वास्थ्य नीति</u>**:**

१. **"स्वस्थ चन्द्रपुर, समृद्ध चन्द्रपुर"** को अवधारणालाई आत्मसात गर्दै सबै नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य, समतामूलक र नागरिकमैत्री स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

२. स्वास्थ्य संस्थाको पूर्वाधार, दक्ष जनशक्ति, औषधि, उपकरण तथा प्रयोगशाला सेवाको व्यवस्थापन सुदृढ गरिनेछ

३. प्रत्येक वडामा स्वास्थ्य संस्था राख्ने राष्ट्रिय नीति अनुरुप आ.व. २०८३/८४ मा वडा नं. १० मा आधारभुत स्वास्थ्य सेवा पु-र्याउने उद्देश्यले आधारभुत स्वास्थ्य संस्था स्थपना तथा वडा नं. ३, ७ र ९ मा भएको सामुदायीक शहरी स्वास्थ्य क्लीनिकहरु लाई निरन्तरता दिई उक्त स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल कायम राख्न पारिश्रमिक (तलब) नेपाल सरकारको स्केल बमोजिम वृद्धि गरी नियमित सेवा प्रदान कार्यलाई निरन्तरता दिईने छ।

४. चन्द्रनिगाहपुर अस्पताललाई २४ घण्टा गुणस्तरीय, समतामूलक तथा नागरिकमैत्री आधारभूत, आकस्मिक, मातृ-शिशु, प्रयोगशाला तथा ट्रमा सेवासहित सुदृढ गरी अस्पतालको सेवा विस्तार गरिनेछ।

५. आधारभूत स्वास्थ्य सेवासँगै आकस्मिक तथा ट्रमा सेवा इकाई (Trauma service Unit) स्थापना तथा सेवा व्यवस्थापन लाई प्राथमिकतामा राखी दुर्घटनाबाट हुने मृत्यु तथा अपाङ्गता न्यूनीकरण गरिनेछ।

६. मातृ, नवजात, बालबालिका, किशोरकिशोरी, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित स्वास्थ्य सेवा विस्तार गरिनेछ।

७. कुपोषण न्यूनीकरण तथा पोषण सुधारका लागि बहुक्षेत्रीय समन्वय र पोषणमैत्री स्थानिय तह लागु गरी कुपोषण मुक्त घोषणा गरिनेछ।

८. सरुवा (क्षयरोग, कुष्ठरोग, डेंगु, मलेरिया, कालाजार) र जुनेटिक लगायत अन्य सरुवा रोगको प्रभावकारी निगरानी तथा नियन्त्रण गरिनेछ॥

९. विद्यालय स्वास्थ्य नर्स कार्यक्रमलाई प्रभावकारी बनाउँदै विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य शिक्षा, मानसिक स्वास्थ्य परामर्श, पोषण तथा किशोरमैत्री स्वास्थ्य सेवा विद्यालय स्तरमै सुनिश्चित गरिनेछ।

१० महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, नियमित प्रोत्साहन, आवश्यक सामग्री उपलब्धता तथा समुदायमा स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, मातृ-शिशु स्वास्थ्य, खोप, पोषण र स्वास्थ्य सचेतनामूलक कार्यक्रमहरूमा प्रभावकारी परिचालन गरिनेछ।

**स्वास्थ्य कार्यक्रम:**

१. आधारभूत स्वास्थ्य सेवा

- ❖ सबै स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा लाई निरन्तरता दिइनेछ ।
- ❖ अत्यावश्यक औषधि, खोप, प्रयोगशाला तथा निदान सेवाको नियमित उपलब्धता सुनिश्चित गर्ने।

२.स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथाम

- ❖ स्वस्थ जीवनशैली, पोषण, सरसफाइ तथा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ स्वास्थ्य प्रवर्द्धन अभियान तथा समुदायमा जनचेतना अभिवृद्धि गरिनेछ।

३. अस्पताल सेवा

- ❖ २४ घण्टा आकस्मिक सेवा (Emergency Service) अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

- ❖ आधारभूत तथा विशेषज्ञ सेवासहित OPD/ IPD सेवा विस्तार गरिनेछ।
- ❖ सुरक्षित मातृत्व, ANC, PNC तथा प्रसूति सेवा सुदृढ गरिनेछ।
- ❖ ट्रमा सेवा इकाई (Trauma service Unit) स्थापना/सुदृढ गरी दुर्घटना व्यवस्थापन सेवा प्रभावकारी बनाइनेछ।
- ❖ अत्यावश्यक औषधि तथा मेडिकल सामग्रीको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।
- ❖ दक्ष स्वास्थ्य जनशक्ति (डाक्टर, नर्स, अहेब/अनमी, प्राविधिक) व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरिनेछ।
- ❖ बिरामी रेफरल प्रणाली (Referral System) प्रभावकारी बनाउने।
- ❖ संक्रमण नियन्त्रण (IPC) तथा अस्पताल सरसफाइ सुदृढ गर्ने।
- ❖ स्वास्थ्य बीमा सेवा तथा डिजिटल रेकर्डङ्गि र रिपोडिङ्ग (eHMIS/DHIS2 and PAMS) प्रभावकारी बनाउने।

**४. मातृ तथा नवजात स्वास्थ्य**

- ❖ सुरक्षित मातृत्व, संस्थागत सुत्केरी तथा गुणस्तरीय ANC/PNC सेवा।
- ❖ उच्च जोखिम गर्भवतीको पहिचान, रेफरल तथा मातृ मृत्यु निगरानी गर्ने ।

**५. बाल स्वास्थ्य कार्यक्रम**

- ❖ राष्ट्रिय खोप कार्यक्रम प्रभावकारी कार्यान्वयन गरिनेछ।
- ❖ नवजात तथा पाँच वर्षमुनिका बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गरिनेछ ।
- ❖ बाल पोषण, वृद्धि अनुगमन तथा कुपोषण व्यवस्थापन गरिनेछ ।
- ❖ IMNCI तथा बालरोगको एकीकृत व्यवस्थापन गरिनेछ ।
- ❖ भिटामिन 'ए', जुकाको औषधि तथा सूक्ष्म पोषकतत्व कार्यक्रम गरिनेछ ।

**६. पोषण कार्यक्रम**

- ❖ गर्भवती, सुत्केरी तथा बालबालिकाको पोषणमा सुधार गरिनेछ ।
- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

**७. सरुवा रोग नियन्त्रण**

- ❖ क्षयरोग, कुष्ठरोग, HIV, डेंगु, मलेरिया, कालाजार लगायत रोगको खोज, परीक्षण तथा उपचार गर्ने व्यबस्था मिलाइनेछ।
- ❖ महामारी निगरानी तथा द्रुत प्रतिकार्य टोली परिचालन गरिनेछ ।

**८. नसर्ने रोग (NCD) तथा मानसिक स्वास्थ्य कार्यक्रम**

- ❖ ३० वर्षभन्दा माथिका नागरिकको मधुमेह, उच्च रक्तचाप तथा क्यान्सर स्क्रिनिङ गर्ने व्यबस्था मिलाइनेछ,
- ❖ मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा विस्तार गर्ने व्यबस्था मिलाइनेछ ।
- ❖ ज्येष्ठ नागरिकमा डिमेन्सिया तथा मानसिक स्वास्थ्य स्क्रिनिङ गर्ने व्यबस्था मिलाइनेछ ।

- ❖ दुर्घटनापछि हुने शारीरिक तथा मानसिक पुन:स्थापना सेवामा पहुँच बढाइनेछ ।

९. ट्रमा सेवा इकाई व्यवस्थापन

- ❖ नगर अस्पतालमा २४ घण्टा आकस्मिक तथा आधारभूत ट्रमा सेवा सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ ।
- ❖ स्वास्थ्यकर्मीलाई (Primary Trauma Care -PTC, Basic Life Support –BLS, First Aid तथा Emergency Care तालिम गरिनेछ ।
- ❖ २४ घण्टा एम्बुलेन्स तथा रेफरल सेवा सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ ।
- ❖ प्रदेश र केन्द्र ट्रमासँग समन्वित रेफरल प्रणाली बिस्तार गर्ने व्यबस्था मिलाइनेछ ।

१०. स्वास्थ्य बीमा

- ❖ स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको पहुँच तथा दर्ता वृद्धि गरिनेछ ।
- ❖ विपन्न परिवारलाई प्राथमिकता दिइनेछ ।

११ . विद्यालय स्वास्थ्य नर्स कार्यक्रम

- ❖ विद्यालयमा नियमित विद्यार्थी स्वास्थ्य परीक्षण (height, weight, vision, hearing, general check–up) सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ ।
- ❖ किशोर-किशोरी मैत्री स्वास्थ्य सेवा अन्तर्गत प्रजनन स्वास्थ्य, महिनावारी सरसफाइ तथा स्वास्थ्य शिक्षा प्रदान गरिनेछ ।
- ❖ महिनावारी सरसफाइ तथा प्रजनन स्वास्थ्य शिक्षा सञ्चालन गरिनेछ ।
- ❖ विद्यालयमा स्वास्थ्य सचेतनामूलक कार्यक्रम, अभियान गतिविधि सञ्चालन गरिनेछ ।

१२. स्वास्थ्य प्रणाली सुदृढीकरण

- ❖ स्वास्थ्य संस्थाको पूर्वाधार विकास गरिनेछ ।
- ❖ दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापन गरिनेछ ।
- ❖ औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति गरिनेछ ।
- ❖ प्रयोगशाला तथा डिजिटल स्वास्थ्य सूचना प्रणाली (eHMIS/DHIS2 and PAMS) सुदृढीकरण गरिनेछ ।
- ❖ नियमित अनुगमन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ गरिनेछ ।

शिक्षा, युवा तथा खेलकुद सम्वन्धी नीति :

- ➢ सामुदायीक विधयालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्यसम्पादन, करार सम्झौता, नतिजामा आधारित शैक्षिक क्यालेन्डर र शिकाई एवं अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।
- ➢ **"सक्षम र सिपमूलक जनशक्ति, चन्द्रपुर नगरपालिकाको सम्पत्ति"** भन्ने मूलमार्गलाई आधार मानी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- शिक्षा सेवा प्रवाहमा संलग्न शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पूर्ण साक्षर वडा र नगरपालिका अभियान सञ्चालन गरिनेछ ।
- अल्पसंख्यक र विपन्न तथा सिमान्तकृत समुहका बालबालिकाहरुलाई विद्यालयसम्मको पहुँच बढाउन दिवा खाजा, छात्रवृति समेतका आकर्षणयूक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- केन्द्रको दरबन्दी मिलानको मापदण्डलाई आधार लिई दरबन्दी मिलान गरी जहाँ विद्यार्थी त्यहा शिक्षक ब्यबस्थापन गर्ने कार्यलाई कार्यन्वयनमा ल्याइनेछ ।
- खेलकुद क्षेत्रलाई थप आकर्षक तथा सहभागितामुलक बनाउन अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता संचालन गर्नको लागि बजेट व्यबस्थापन गरेको छु ।
- युवाहरुलाई खेलकुदको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान बनाउनको लागि खेलकुद क्षेत्रलाई विशेस बढावा दिन हरेक क्षेत्रको खेलकुद कार्यक्रमको लागि बजेट व्यबस्थापन गरेको छु ।

## धर्म, पर्यटन तथा सस्कृति सम्वन्धी नीति :

- विभिन्न जातजाती, समुदाय, धर्म, संस्कृतिका जात्रा, गुठी, पर्व, मूल्य एवं मान्यताको संवर्दन गर्ने नीति लिइनेछ ।
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायीक भवन, सार्वजनिक एलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने नीति लिइनेछ ।
- आगामी आर्थिक बर्षमा पर्यटन तथा सस्कृति सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सम्बन्धी नीति तथा कार्यक्रमः

नेपालको संविधानले सुनिश्चित गरेको समानता, सामाजिक न्याय, समावेशिता तथा मानव अधिकारको मर्मलाई आत्मसात गर्दै तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण, सशक्तीकरण, सुरक्षा, सहभागिता र समावेशी विकासलाई केन्द्रमा राखी देहायबमोजिमका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## महिला विकास तथा सशक्तीकरण

१. महिलाको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरणलाई नगर विकासको आधारस्तम्भका रूपमा स्थापित गरिनेछ ।

२. विपन्न, दलित, जनजाति, मुस्लिम, मधेसी, एकल महिला तथा हिंसाबाट प्रभावित महिलाका लागि सीप विकास, उद्यमशीलता, कृषि, पशुपालन, लघुउद्यम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

३. घरेलु हिंसा, लैङ्गिक हिंसा, दाइजो प्रथा, बोक्सी आरोप, मानव बेचबिखन तथा सबै प्रकारका विभेद विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

४. महिला सहकारी, महिला उद्यमी तथा महिला नेतृत्व विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

५. किशोरीहरूको स्वास्थ्य, पोषण, प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालिकाका सबै योजना तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

<u>बाल अधिकार तथा संरक्षण</u>

७. बालमैत्री स्थानीय शासन कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाई क्रमशः सबै वडालाई बालमैत्री वडा घोषणा गर्ने अभियान सञ्चालन गरिनेछ ।

८. बालविवाह, बालश्रम, बाल हिंसा, बाल यौन दुर्व्यवहार तथा विद्यालय छाड्ने प्रवृत्ति न्यूनीकरणका अभिभावक शिक्षा सहित बहुपक्षीय अभियान सञ्चालन गरिनेछ ।

९. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गरी निरन्तर सिकाइ सुनिश्चित गरिनेछ।

१०. प्रत्येक वडामा बाल संरक्षण समिति तथा बाल क्लबलाई सक्रिय बनाई बाल सहभागितालाई संस्थागत गरिनेछ ।

११. जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण, पुनःस्थापना तथा मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाइनेछ ।

१२. बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाको प्रारम्भिक पहिचान गरी त्यस बाट आएका समस्याहरुलाई उपचारका लागि सम्वन्धित निकायहरुमा सिफारिस गरि समाधान गर्न सहयोग गरिनेछ

<u>ज्येष्ठ नागरिक सम्बन्धि नीति :</u>

१३. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा तथा सामाजिक सहभागिता अभिवृद्धि गर्न स्वास्थ्य शिविर, घरदैलो स्वास्थ्य सेवा तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा अन्तरपुस्ता अनुभव आदान—प्रदान तथा तिर्थाटन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. ज्येष्ठ नागरिकमैत्री सार्वजनिक सेवा तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

<u>अपाङ्गता सम्वन्धी निति</u>

१६. सार्वजनिक भवन, स्वास्थ्य संस्था, विद्यालय तथा सेवा केन्द्रहरूलाई क्रमशः अपाङ्गतामैत्री बनाइनेछ ।

१७. अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामग्री, पुनःस्थापना सेवा, सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. अपाङ्गता भएका बालबालिकाको समावेशी शिक्षामा पहुँच विस्तार गरिनेछ ।

१९. अपाङ्गता भएका व्यक्तिको स्थानीय योजना तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

<u>लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सम्बन्धि नीति :</u>

२०. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्न सचेतना तथा समावेशीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. स्वास्थ्य, शिक्षा, सीप विकास, स्वरोजगार तथा सामाजिक सुरक्षामा समान पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेश (GESID)**

२२. नगरपालिकाका सबै शाखा तथा वडाहरूमा GESID मूलप्रवाहीकरणलाई संस्थागत गरि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।

२३. GESID परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई नियमित गरिनेछ ।

**हिंसा न्यूनीकरण तथा संरक्षण**

२४. **"हिंसामुक्त चन्द्रपुर नगरपालिका अभियान"** सञ्चालन गरिनेछ ।

२५. लैङ्गिक हिंसा तथा बाल संरक्षण सम्बन्धी एकद्वार संकट व्यवस्थापन सेवासँग समन्वय गरी उद्धार, संरक्षण तथा पुनःस्थापना सेवालाई प्रभावकारी बनाइनेछ ।

२६. न्यायिक समिति, प्रहरी, विद्यालय, स्वास्थ्य संस्था तथा नागरिक समाजसँग समन्वय गरी हिंसा न्यूनीकरण अभियान सञ्चालन गरिनेछ ।

**विपद् व्यवस्थापन समितिको नीति तथा कार्यक्रमः**

**नीति**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई नगरको विकास योजनासँग एकीकृत गरिनेछ ।
- विपद्पूर्व तयारी, प्रतिकार्य, उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ ।
- विपद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- संघ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवालासँग समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ ।
- विपद् व्यवस्थापनमा आधुनिक प्रविधि, सूचना प्रणाली तथा पूर्वसूचना प्रणालीको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

**कार्यक्रम**

- नगरस्तरीय विपद् जोखिम नक्साङ्कन तथा जोखिम प्रोफाइल अद्यावधिक गरिनेछ ।
- बाढी, डुबान, आगलागी, चट्याङ, हावाहुरी, भूकम्प लगायतका विपद्द्वारा प्रभावित हुन सक्ने क्षेत्रहरूको नियमित अनुगमन गरिनेछ ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई आकस्मिक उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाइनेछ ।

- वडा तथा समुदायस्तरमा विपद् व्यवस्थापन समिति गठन तथा क्षमता अभिवृद्धि गरिनेछ ।
- खोज, उद्धार तथा प्राथमिक उपचार सम्बन्धी तालिम र कृत्रिम अभ्यास (Mock Drill) सञ्चालन गरिनेछ ।
- दमकल, उद्धार सामग्री तथा आवश्यक उपकरणको व्यवस्थापन र स्तरोन्नति गरिनेछ ।
- विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक निकायहरूमा विपद् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- नदी कटान, पहिरो तथा डुबान नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।
- विपद्बाट प्रभावित परिवारलाई राहत, पुनःस्थापना तथा जीविकोपार्जन पुनर्स्थापनामा सहयोग गरिनेछ ।
- जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि वातावरणमैत्री तथा दिगो कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् सम्बन्धी सूचना संकलन, अभिलेखीकरण तथा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- विपद् व्यवस्थापनमा स्वयंसेवक परिचालन तथा जनसहभागिता अभिवृद्धि गरिनेछ ।

## न्यायिक समितिको नीति तथा कार्यक्रम

- न्यायिक समितिमा दर्ता भएका उजुरीलाई कानुनले तोकेको समय सीमाभित्र निष्पक्ष रूपमा फछ्र्यौट गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी तथा नागरिक मैत्री बनाइ उजुरी दर्ता, सुनुवाइ, निर्णय तथा अभिलेख व्यवस्थापनलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ ।
- सबै वडामा रहेका मेलमिलाप केन्द्रलाई सक्रिय र प्रभावकारी बनाइ मेलमिलापकर्ताहरूको क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
- घरेलु हिंसा, बालविवाह, बालश्रम, लैङ्गिक हिंसा, जातीय विभेद, लागूऔषध दुर्व्यसन, साइबर अपराध तथा सामाजिक विकृतिविरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ ।
- आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गरी उद्धार, संरक्षण, मनोसामाजिक परामर्श तथा कानुनी सहायताको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समिति, कर्मचारी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्दै निर्णय लेखन, अभिलेख व्यवस्थापन तथा कानुनी अद्यावधिक सम्बन्धी नियमित तालिम सञ्चालन गरिनेछ ।
- जिल्ला अदालत, प्रहरी, सरकारी वकिल, बार इकाई, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गरि कानुनी सहायता उपलब्ध गराउने संस्थासँग सहकार्य गरिनेछ ।

## विधायन समितिको नीति तथा कार्यक्रम

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको विधायन अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै सुशासन, कानुनी शासन, उत्तरदायी स्थानीय सरकार तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ का लागि विधायन समितिको तर्फबाट निम्न नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. नगरपालिकाका आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड समयमै निर्माण तथा परिमार्जन गरिनेछ ।

२. प्रचलित स्थानीय कानुनहरूको नियमित समीक्षा गरी आवश्यक संशोधन तथा एकीकरण गरिनेछ ।

३. कानुन निर्माण प्रक्रियालाई सहभागितामूलक, समावेशी तथा पारदर्शी बनाइनेछ ।

४. संघीय तथा प्रदेश कानुनसँग बाझिएका स्थानीय कानुनहरूको पुनरावलोकन गरी आवश्यक सुधार गरिनेछ।

५. प्राथमिकताका आधारमा विषयगत समितिहरूसँग समन्वय गरी कानुन निर्माण गर्दा सरोकारवालासँग छलफल तथा सार्वजनिक परामर्श गरिनेछ ।

६. हाल कार्यान्वयनमा रहेका स्थानीय कानुनहरूको वार्षिक समीक्षा गरि अप्रासंगिक, दोहोरो तथा कार्यान्वयनमा कठिनाइ भएका प्रावधानहरू संशोधन गरिनेछ ।

७. नगरपालिकाले निर्माण गरेका सबै ऐन, नियम, कार्यविधि तथा निर्देशिकालाई एकीकृत डिजिटल अभिलेखमा राखिनेछ ।

८. नगरसभा सदस्य, विषयगत समिति, कर्मचारी तथा वडा सचिवहरूलाई स्थानीय विधायन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

## सुशासन समितिको नीति तथा कार्यक्रम

### १. पारदर्शिता निती

सवै सार्वजिनक निर्णय, वजेट र कार्यक्रमहरु खुलारुपमा प्रकाशन गर्ने वेबसाईट, सुचना पाटी तथा सामाजिक सञ्जालमाफर्त सूचना प्रवाह गर्ने तथा सार्वजिनक खरिद प्रक्रिया पारदर्शि वनाउने नीति लिईनेछ । प्रत्येक वडा तथा नगर स्तरमा सार्वजिनक सुनुवाई, नागरिकका गुनासा सुझाव संकलन तथा समाधानका उपायहरु अवलम्वन गरीने छ ।

### २. जवाफदेहिता नीति

कर्मचारी र जनप्रतिनिधिहरुलाई जिम्मेवार बनाउने, कार्यसम्पादन मूल्याङन प्रणाली लागु गर्ने गुनासोको छिटो समाधान गर्ने सुनिश्चिता गर्ने नीति लिने छ ।

**३. भ्रष्टाचार नियन्त्रण नीति :**

शुन्य सहनशिलता नीति लागुगरि अनियमितता विरुद्ध छानबिन संयन्त्र सुदृढगरी गोप्य उजुरी प्रणाली संञ्चालन गर्नेछ।

**४. नागरीक सहभागीता नीति**

योजना तर्जुमा र कार्यान्वयनमा नागरीक सहभागीता बढाउने तथा टोल/वडा स्तरमा सार्वजनिक सुनुवाई गर्ने नीति लिइनेछ ।

**बजार अनुगमन सम्वन्धि निति तथा कार्यक्रम**

१. नियमित तथा आकस्मिक बजार अनुगमनलाई प्रभावकारी र परिणाममुखी बनाइ उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खाद्य तथा दैनिक उपभोग्य वस्तुहरूको विशेष अनुगमन गरिनेछ ।

२. व्यवसाय दर्ता, नवीकरण, मूल्यसूची, बिल—बिजक तथा कानुनी मापदण्डको पालना सुनिश्चित गर्न उपभोक्ता अधिकार, खाद्य स्वच्छता तथा व्यवसायिक नैतिकता सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।

३. ईलाका प्रशासन कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कृषि, पशु सेवा, प्रहरी तथा उद्योग वाणिज्य संघसँग समन्वय गरी संयुक्त अनुगमन सञ्चालन गरिनेछ।

४. बजार व्यवस्थापनमा सम्बन्धित सरकारी निकाय तथा व्यवसायिक संस्थासँग समन्वय र सहकार्य गरिनेछ।

५. म्याद नाघेका, लेबल नभएका तथा गुणस्तर हीन वस्तुको बिक्री वितरण नियन्त्रण गरि खाद्य स्वच्छता तथा सरसफाइका मापदण्ड पालना गराइ आवश्यक परे सम्बन्धित निकायसँग समन्वय गरी नमुना परीक्षण गराइनेछ।

**आन्तरिक आय व्यवस्थापन :**

चन्द्रपुर नगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, करका क्षेत्रहरूको पहिचान गरी संकलन गर्ने कार्यमा जनप्रतिनिधि परिचालन, नगरपालिकाको आन्तरिक राजस्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि बजेट विनियोजन गरिएको छ।

नगरपालिकाको भरपर्दो आम्दानीको श्रोत आन्तरिक राजश्व नै हो । आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरुको ढुँगा, गिट्टी, वालुवाको उत्खनन्, संकलन, आन्तरिक विक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारवाट प्राप्त निर्देशनहरु तथा बिध्यमान ऐन कानून वमोजिमका वातावरणीय प्रभावका प्रावधानहरुलाई कार्यान्वियन गर्दै लगिनेछ,

सम्पत्ति कर प्रणालीलाई थप ब्यबस्थित गरिनेछ, यस आ.व. को बक्यौता रकम आगामी आ.व. २०८३/०८४ को प्रथम चौमासिकमा बुझाएमा जरिवाना छूट गरिने ब्यबस्था मिलाएको छु ।

नगरपालिकाको सिमित श्रोतलाई ध्यानमा राखी आन्तरिक आय र राजश्वलाई वढाउन राजश्वका थप श्रोतहरु अध्ययन र पहिचान गरी आन्तरिक आय वृद्दि गर्दै जाने नीति लिईनेछ, राजश्व परिचालनको लागि चुस्त र दुरुस्त किसिमको व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ ।

***श्रद्धेय* सभाध्यक्षज्यू,**

मैले आगामी आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरें, प्रस्तुत नीति तथा कार्यक्रम र वजेट तयारीको क्रममा नगर सभाका सदस्यज्यूहरु, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रुपमा स्वीकार गरी वस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, गै.स.स.एवं सरोकारवालाहरुबाट प्राप्त परामर्शहरुलाई नगरपालिकाको उपलव्ध श्रोतले अनुमति दिएको अधिकतम सिमामा रहि समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु । यस सम्वन्धी विस्तृत नीति तथा कार्यक्रम र वजेटको विवरण चन्द्रपुर नगरपालिका विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराउँछु ।

**आदरणीय सभाध्यक्षज्यू,**

अव म चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्तावित राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नगरपालिकाको कूल वजेट मध्ये अधिकांश वजेट संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान नै हो ।यस वजेटमा नगरपालिकाको आन्तरिक आय राजश्व पनि समावेश गरेको छु । नगरपालिकाको आन्तरिक आम्दानीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरु उपलव्ध भए वमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर, दस्तुर, शुल्कका दर तथा क्षेत्रहरुलाई केहि संशोधन गरि आगामी आर्थिक वर्षको लागि वजेट प्रस्ताव गरेको छु ।

१, नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि तपसिल बमोजिमको जम्मा रकम रु.१ अर्ब २१ करोड ८० लाख मात्रको अनुमानित आय विवरण प्रस्ताव गरेको छु,

क. आ.व. २०८२/०८३ को संचित रकम रु. १ करोड

ख. आन्तरिक आय तर्फ रु, ३० करोड ४० मात्र

ग. मालपोत रजिस्ट्रेसन तर्फ रु. १० करोड ४ लाख ८ हजार ३ सय ६० रुपैंयाँ मात्र

घ. संघ बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १६ करोड ६१ लाख ४३ हजार मात्र

ङ. संघ बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १८ करोड २९ लाख मात्र

च. संघ बाट प्राप्त हुने सशर्त अनुदान चालु तर्फ रु. ४० करोड ३७ लाख मात्र

छ. संघ बाट प्राप्त हुने समपुरक अनुदान रु. ६५ लाख मात्र

ज. संघ बाट प्राप्त हुने विशेष अनुदान रु. १ करोड मात्र

झ. प्रदेश बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १ करोड २४ लाख ५२ हजार मात्र

ञ. प्रदेश बाट प्राप्त हुने सवारी कर रु. — १ करोड ७५ लाख ९६ हजार ६ सय ४० रुपैयाँ मात्र

ट. प्रदेश बाट प्राप्त हुने सशर्त अनुदान रु. ४० लाख मात्र

ठ. प्रदेश बाट प्राप्त हुने विशेष अनुदान रु. ४० लाख मात्र

ड. प्रदेश बाट प्राप्त हुने समपुरक अनुदान रु. ६३ लाख मात्र

ढ. छ्रायाँ नेपालको रु. २ करोड ८५ लाख ५० हजार ६ सय ९६ रुपैया मात्र

ण. अन्य गैर सरकारी सस्था तर्फ रु. २ करोड ५० लाख

साथै आगामी आ.व. २०८३/०८४ मा चालु तर्फ रु ८५ करोड (७०.५ प्रतिशत ) र पूँजिगत तर्फ रु. ३५ करोड ९३ लाख (२९.५ प्रतिशत) गरी जम्मा रु. १ अरब २१ करोड ८० लाख व्यय हुने अनुमान पेश गरेको छु,

२, आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु, नीति, योजना तथा कार्यक्रमगत वजेट बाँडफाँडको विस्तृत विवरण चन्द्रपुर नगरपालिकाको वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा निवेदन गर्दछु ।

<u>आदरणीय सभाध्यक्षज्यू र सदस्यज्यूहरु,</u>

प्रस्तावित वजेट, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत/नीतिगत/कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकतानुसार सरकारी, सहकारी क्षेत्र, गै.स.स. क्षेत्र, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र र स्थानीय उपभोक्ताहरु समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाईनेछ र यसवाट वजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्दन हुने विश्वास लिएको छु।प्रस्तुत नीति, कार्यक्रम तथा वजेटको कार्यान्वयनवाट नगरपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, न्यायोचित र समतायुक्त दिगो विकासमा योगदान गर्न कोशेढुङा हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

प्रस्तुत वजेटको कार्यान्वयनमा सवै सरोकारवाला पक्षहरुलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई दिनुहुन निवेदन गर्दछु । नगरको वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका सवै चरणहरुमा सहभागि हुनुहुने सवैमा हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्द सवै पक्षवाट सदा झैं निरन्तर सहयोग र सुझावको अपेक्षा गर्दै प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने कार्यपालिका तथा नगर सभाका सदस्यज्यूहरु, नगरमा क्रियाशिल राजनैतिक दल, सहकारी तथा निजी क्षेत्र, आम नागरिक, विषयगत समितिहरु, विभिन्न संघसंस्थाहरु, दातृ निकाय, गै.स.स., संचारकर्मी, लक्षित वर्ग, नागरिक समाज एवं नगर कार्यपालिकाको कार्यालका प्रमुख प्रशासकीय अधिकृतज्यू लगाएत कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । साथै चन्द्रपुर नगरपालिकाको यस गरिमामय १७ औं नगर सभामा उपस्थित सवै विशिष्ट महानुभावहरुप्रति आदर र सम्मान सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*धन्यवाद !*

**जयमाला कुमारी चौधरी**
नगर उपप्रमुख
चन्द्रपुर नगरपालिका, रौतहट